नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
# राष्ट्रिय युवा परिषद
सानोठिमी, भक्तपुर, नेपाल
(......................................शाखा)

राष्ट्रिय युवा परिषद-नेपाल
२०७२
सानोठिमी, भक्तपुर

प.सं.: ०८२/८३
च.नं.:

## प्रेस विज्ञप्ति

**अन्तर्राष्ट्रिय युवा दिवस, २०२५ अगस्ट १२ (श्रावण २७, २०८२) मनाउने सम्बन्धमा**

संयुक्त राष्ट्र संघले अन्तर्राष्ट्रिय युवा दिवस, २०२५ का लागि तय गरेको **Local Youth Actions for the SDGs and Beyond** र नेपालका लागि **"दिगो विकास र सुनौलो भविश्यको सार: स्थानीय युवाको सहभागिता समृद्धिको आधार"** भन्ने मूल आदर्श वाक्यसहित आज अगस्ट ६ देखि १२ तारिख (साउन २१ देखि २७ गते) सम्म सप्ताहव्यापी रूपमा विविध कार्यक्मरहरू आयोजना गरी मनाइदै छ । अन्तर्राष्ट्रिय युवा दिवस मनाउनुको मूल उद्देश्य नेपालको संविधानमा उल्लेखित युवासँग सम्बन्धित व्यवस्थालाई युवाको पक्षमा कार्यान्वयन गर्नु, युवा केन्द्रित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनहरुका सवालमा वहस पैरवी गर्नु र युवालक्षित मुद्दाहरूका सवालमा स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा सचेतना अभिवृद्धि गर्नु हो ।

यस दिवसको मूल समारोह मिति २०८२ साउन २७ गते मंगलबारका दिन सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूको प्रमुख आतिथ्यतामा राष्ट्रिय सभागृह, भृकुटी मण्डप काठमाडौमा बिहान १०:०० बजे देखि दिउँसो १.०० सम्म हुन गइरहेको छ। मूल समारोह र तत् पश्चातका कार्यक्रममा सहभागिताका लागि हार्दिक अपिल गर्दछौं।

**(थप विवरणका लागि अन्तर्राष्ट्रिय युवा दिवस, २०२५ का सत्ताव्यापी कार्यक्रम पुस्तिका संलग्न छ।)**

गेहनाथ गौतम
प्रशासकीय प्रमुख
तथा सदस्य सचिव
अन्तर्राष्ट्रिय युवा दिवस मूल समारोह समिति,२०२५

मिति: २०८२।०४।२१

वेबसाइट: www.nyc.gov.np, इमेल: info@nyc.gov.np, ☎: 6630193 (फ्याक्स)
☎: 6638152 (कार्यकारी उपाध्यक्ष), ☎: 6635133 (प्रशासकीय प्रमुख), ☎: 6631276 (सहायता कक्ष)

Local Youth Actions for the SDGs and Beyond

"दिगो विकास र सुनौलो भविश्यको सार: स्थानीय युवाको सहभागिता समृद्धिको आधार''

# अन्तर्राष्ट्रिय युवा दिवस, २०२५ अगष्ट १२ (२०८२ साउन २७) को सप्ताहव्यापी कार्यक्रम



## अन्तर्राष्ट्रिय युवा दिवस मूल समारोह समिति, २०२५

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
**राष्ट्रिय युवा परिषद**
सानोठिमी, भक्तपुर

राष्ट्रिय युवा परिषद्-नेपाल २०७२

UNITED NATIONS NEPAL

फोन नं.: ०१-६६३८१५२, ६६३५१३३/६६३५८३५ फ्याक्स नं: +९७७-६६३०१९३
वेभसाइट: www.nyc.gov. np, इमेल: info@nyc.gov.np


## १ पृष्ठभूमि

सन् १९९८ अगस्ट ८ देखि १२ तारिखसम्म संयुक्त राष्ट्रसंघको समन्वयमा पोर्चुगलको राजधानी लिसवनमा विश्वका १४० देशका युवा मामिला हेर्ने मन्त्रीज्यूहरुको सहभागितामा विश्व युवा सम्मेलन भएको थियो। त्यस सम्मेलनले आआफ्ना देशमा राष्ट्रिय युवा नीति तर्जुमा गर्ने साझा प्रतिवद्धता जनाउनुका साथै युवा सशक्तिकरणका पक्षमा ८८ वुदे लिसवन घोषणापत्र समेत जारी गरेको थियो। त्यसपछि राष्ट्रसंघको आह्वानमा सन् २००० वाट विश्वभर हरेक वर्षको अगष्ट १२ का दिन युवा सशक्तिकरण, जागरण र वहस गर्ने उत्सवमयी दिनको रुपमा अन्तर्राष्ट्रिय युवा दिवस मनाउन प्रारम्भ गरिएको हो।

संयुक्त राष्ट्र सङ्घले सन् १९९९ देखि हरेक वर्षको अगस्ट १२ लाई अन्तर्राष्ट्रिय युवा दिवसको रूपमा मनाउने निर्णय गरेको थियो । अन्तर्राष्ट्रिय युवा दिवसका सन्दर्भमा सन् २००० देखि प्रत्येक वर्ष विश्वभर नै युवालक्षित कार्यक्रमहरू हुँदै आएका छन् । अन्तर्राष्ट्रिय युवा दिवस मनाउनुको मूल उद्देश्य युवाका मुद्दाका पक्षमा आवाज मुखरित गर्नु हो । नेपालमा सन् २००४ देखि यसको यो दिवस मनाउन थालिएको हो । पहिलो पटक युवा संस्थाहरूको सामुहिक पहलमा अन्तर्राष्ट्रिय युवा दिवस मनाइएको थियो । यसले नेपालको संविधानमा समावेश भएका युवासँग सम्बन्धित व्यवस्थालाई युवाको पक्षमा कार्यान्वयन गर्न सहयोग पुऱ्याएको छ ।

अन्तराष्ट्रिय युवा दिवस मनाउने, छलफल वहस गर्दैगर्दा युवा तथा खेलकुद मन्त्रालय स्थापना हुँदै राष्ट्रिय युवा नीति २०६६ मा जारी भएको र सो पश्चात् वि सं २०७२ मा राष्ट्रिय युवा परिषद् स्थापना भयो । यससँगै युथ भिजन, २०१५-२०२५ समेत निर्माण गरी कार्यान्वयनमा ल्याइयो । यसपछि अन्तर्राष्ट्रिय युवा दिवस मनाउने लगायत युवालक्षित नीति तथा कार्यक्रमहरूको निर्माण र कार्यान्वयनका लागि वहस, पैरवी एवम् समन्वय र साझेदारीको संस्थागत नेतृत्व सरकारी निकायका रूपमा रहेको राष्ट्रिय युवा परिषदबाट हुँदै आएको छ । गत वर्ष २०२४ मा "From Clicks to Progress: Youth Digital Pathways for Sustainable Development" को नारा साथ मनाइएको अन्तर्राष्ट्रिय युवा दिवसमा यो वर्ष २०२५ मा "Local Youth Actions for the SDGs and Beyond" अर्थात् "दिगो विकास र सुनौलो भविष्यको सार: स्थानीय युवाको सहभागिता समृद्धिको आधार'' का साथ सप्ताहव्यापी रूपमा मनाउन गरिएको छ ।

### क. राष्ट्रिय जनगणना २०७८ र युवा सहभागिता




राष्ट्रिय युवा परिषद ऐन, २०७२ ले जनसंख्याको १६ देखि ४० वर्ष उमेरलाई युवा परिभाषित गरेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार यस उमेर समूहको जनसङ्ख्या १,२४,१२,१७३ जना अर्थात् कुल जनसङ्ख्याको ४२.५६ प्रतिशत रहेको देखिन्छ । युथ भिजन २०२५ ले १६–२४ वर्ष उमेर समूहलाई शिक्षा, व्यक्तित्व विकास, सीप सिक्ने चरणमा र २५–४० वर्ष उमेर समूहलाई व्यवसाय, स्वरोजगार, आयआर्जन गर्ने चरणका रूपमा बढी जोड दिएको छ ।

राष्ट्रिय जनगणना, २०७८ ले नेपालभित्र आफ्नो जन्मस्थान छोडी आन्तरिक बसाईँसराइ गर्ने अनुपात २९.२ प्रतिशत रहेको र पहाडबाट अन्यत्र ३२ प्रतिशत मानिसहरू सरेको देखाएको छ । नीति निर्माण, कार्यान्वयन र वहस पैरवीमा जनसङ्ख्याको यो पक्षलाई पनि ख्याल गर्न आवश्यक छ ।

नेपालमा १० वर्ष वा सोभन्दा माथिको उमेर समूहमा २ करोड ३९ लाख (८२.२%) जनसङ्ख्या रहेको छ । यदि आर्थिक रूपले सक्रिय उमेर समूह (१५–६४ वर्ष) मान्ने हो भने ७३ लाख पुरुष र ६६ लाख महिला गरी १ करोड ३९ लाख जनसङ्ख्या यस उमेर समूहमा रहेका छन् । यीमध्ये १ करोड २ लाख (६५.५%) व्यक्तिहरू रोजगार रहेको देखिन्छ र ७ लाख ६० हजार (४.९%) बेरोजगार रहेका छन् । आर्थिक रूपले सक्रिय जनसङ्ख्याको सबैभन्दा ठुलो उमेर समूह २५–२९ वर्षमा १९ लाख र दोस्रो ठुलो उमेर समूह २०–२४ वर्षमा १८ लाख रहेका छन्। तेस्रो ठुलो उमेर समूह ३५–३९ वर्षमा १७ लाख ८० हजार जनसङ्ख्या रहेको छ।

निर्वाचन आयोगको तथ्याङ्कअनुसार स्थानीय तहमा निर्वाचित १६ देखि ४० वर्ष उमेर समूहका युवाहरूको प्रतिशत ३९.६५ (१३ हजार ८ सय ९३ जना) रहेको छ भने प्रदेश तहमा २३.६३ प्रतिशत र प्रतिनिधि सभा र राष्ट्रिय सभामा क्रमश १३.९ र ६.७७ प्रतिशत रहेको पाइन्छ ।

नेपालको वर्तमान जनसांख्यिक संरचना हेर्दा युवा शक्तिको संख्या उच्च रहेको छ । यो जनशक्तिलाई उचित वातावरण दिन सके मात्र मानव विकास तथा राष्ट्र निर्माणमा सकारात्मक गति हाँसिल गर्न सकिन्छ । देशभित्रै युवाको क्षमता परिचालन गर्न कृषि, पर्यटन, जलस्रोत , सूचना प्रविधि र सेवा व्यवसाय जस्ता क्षेत्रहरूमा युवालाई परिचालन गर्न सकिन्छ।

### ख. 'समृद्ध नेपाल सुखी नेपाली' गन्तव्य

नेपालमा हरेक वर्ष पाँच लाखभन्दा बढी युवा श्रम बजारमा प्रवेश गर्ने र करीव पाँच प्रतिशतले मात्र स्वदेशमा रोजगारी पाउने अवस्था रहेको अनुमान छ । त्यसैले पनि रोजगारीका साथै उच्च शिक्षाका लागि युवा विदेश जाने र स्वदेशमा फर्किने क्रम चल्दै आएको छ । नेपालको प्रवासन (विदेश जाने वा रहने) प्रवृत्ति वि.सं. २०५८ मा ३.३ प्रतिशत रहेकोमा वि.सं. २०७८ मा ७.५ प्रतिशत पुगेको छ । यसमा पुरूषहरूको अनुपात ८२.२५ प्रतिशत रहेको देखिन्छ। एकातिर यतिवेला हामीले युवालाई स्वदेश मै आशा र भरोसा दिलाउनु परेको छ भने अर्कातिर विदेशमा रहेर सिकेका ज्ञान, सिप र क्षमतालाई मुलुकमा सदुपयोग गर्ने वातावरण तयार गर्नेतर्फ अझ जोड दिन आवश्यक छ । यसका लागि स्वदेशमै स्वरोजगार, स्टार्टअप, सीप विकास तालिम, सूचना प्रविधि र युवा उद्यमशीलतामा जोड दिनु प्रभावकारी हुनसक्छ ।

पछिल्ला वर्षहरुमा खासगरी सूचना तथा सञ्चार प्रविधि, पर्यटन, कृषि र ई–कमर्सजस्ता क्षेत्रमा युवाहरूको उपस्थिति बढ्दै गएको छ। कोही उद्यमी नै भएका छन् भने कोही स्टार्टअपका रूपमा प्रवेश गरिरहेका छन्। डिजिटल प्रविधि र नवीनतामा आधारित उद्यम–व्यवसाय लगायतका विविध क्षेत्रहरूप्रति युवाहरूको चासो तथा आकर्षण बढिरहेको छ। यसले देशमै केही गर्न सकिन्छ भन्ने सन्देश पनि दिइरहेको छ। सरकारले स्टार्टअप तथा युवा उद्यमशीलता विकासका लागि नीति तथा कार्यक्रम बढाउँदै लगेको छ।

युवा उद्यमशीलता प्रवर्धनमा विभिन्न मन्त्रालय र मातहतका निकायहरूबिच समन्वय र अपनत्व लिने र स्टार्टअपहरूमा लगानी गर्न प्रोत्साहित गर्नु पर्दछ। तालिम तथा सीप विकास कार्यक्रमहरूलाई थप व्यावहारिक र व्यवसायमुखी बनाउँदै परियोजनामा आधारित सहज कर्जा दिने व्यवस्था गरिनुपर्छ। बजार पहुँच सहज बनाउन डिजिटल प्लेटफर्महरू निर्माण गरिनुपर्छ। निजी क्षेत्रले पनि लगानी बढाउने, परामर्श तथा मार्गदर्शन तथा साझेदारी गर्ने लगायतका कार्य गर्नुपर्छ। युवा उद्यमशीलताको विकासमा सरकार, निजी क्षेत्र र साझेदार पक्षको संयुक्त पहलबाट नै देशको अर्थतन्त्र सबल र आत्मनिर्भर बनाउदै 'समृद्ध नेपाल सुखी नेपाली' गन्तव्य हाँसिल हुन सम्भव छ।

## २. अन्तर्राष्ट्रिय युवा दिवस मनाउनुका उद्देश्य

क. नीति निर्माण तथा कार्यान्वयनमा युवा सहभागिता साझेदारी एवम् लगानी अभिवृद्धि गर्ने,

ख. युवा मार्गदर्शन तथा आपसमा अन्तरसांस्कृतिक समझदारी वृद्धि गर्ने,

ग. संघ, प्रदेश र स्थानीय तहका साथै अन्तर्राष्ट्रिय स्तरमा युवा केन्द्रित वहस पैरवी गर्ने,

घ. तीनै तहका सरकारमा युवामैत्री नीति, कार्यक्रम र बजेट निर्माण गर्दै युवामैत्री शासनको प्रवर्धनमा सहयोग गर्ने।

ङ. युवा केन्द्रित सरकारी र गैर सरकारी संस्थाहरू बीच साझा सङ्कल्प र साझेदारी बढाउनु।

## ३. अन्तर्राष्ट्रिय युवा दिवस मूल समारोह समिति, २०२५ का निर्णयहरू

राष्ट्रिय युवा परिषदका अध्यक्ष तथा माननीय युवा तथा खेलकुद मन्त्रीज्यूको अध्यक्षतामा मिति २०८२ साउन ६ गते राष्ट्रिय युवा परिषद, कार्यालय सानोठिमीमा भएको वृहत भेलाले माननीय माननीय युवा तथा खेलकुद मन्त्रीज्यूको अध्यक्षतामा युवा परिषदका पदाधिकारीहरू सबै, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी वल सहित राष्ट्रिय खेलकुद परिषद्, पूर्व उपाध्यक्ष, राष्ट्रिय युवा परिषद, युवा तथा साना व्यवसायी स्वरोजगार कोष, नेपाल नगरपालिका संघ, गाउँपालिका राष्ट्रिय महासंघ, प्रदेश युवा परिषदका उपाध्यक्षहरू, नेपाल उद्योग बाणिज्य महासंघ, अध्यक्ष बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल पत्रकार महासंघ, राष्ट्रिय सहकारी महासंघ, राष्ट्रिय राजनैतिक दलका युवा संघ संगठन, प्रमुख ःप्रतिनिधि विद्यार्थी संघ संगठन, युवा सञ्जाल, संयुक्त राष्ट्र संघीय कार्यालय तथा विकास साझेदार संस्थाहरू, नेपाल चेम्वर अफ कमर्स, नेपाल शिक्षक महासंघ, मेडिकल सोसिएसन सिडेन, हिसान, प्याब्सन, एनप्याब्सन, गैरसरकारी संस्था महासंघ नेपाल, नेपाल युवा संस्था सञ्जाल, युवालय, जागृति वाल युवा सरकार नेपाल, युथ एड्भोकेसी नेपाल, नेपाल जेसिज, नेपाल रेडक्रस, नेपाल युवा आदिवासी जनजाती महासंघ लगायतको वृहत सहभागितामा २८५ सदस्यीय (संस्थागतसमेत) अन्तर्राष्ट्रिय युवा दिवस मूल समारोह समिति, २०२५ गठन गरिएको छ।




अन्तर्राष्ट्रिय युवा दिवस मूल आयोजक समितिको पहिलो बैठकले अन्तर्राष्ट्रिय युवा दिवस २०२५ को आदर्श वाक्य संयुक्त राष्ट्रसंघले २०२५ का लागि अन्तर्राष्ट्रिय युवा दिवसको नारा Local Youth Actions for the SDGs and Beyond चयन गरेकोमा नेपालका लागि 'दिगो विकास र सुनौलो भविश्यको सारः स्थानीय युवाको सहभागिता समृद्धिको आधार'' निर्धारण गरेको छ। बैठकले, राष्ट्रिय युवा परिषदका उपाध्यक्षको संयोजकत्वमा १७ सदस्यीय सचिवालय गठन गरी साउन २१ गतेदेखि २७ गतेसम्म सप्ताहव्यापी रूपमा देशैभर तीनै तहको सरकार, निजी क्षेत्र, युवा संघ संस्थाको सहकार्यमा उत्सवको रूपमा अन्तर्राष्ट्रिय युवा दिवस २०२५ मनाउने र रचनात्मक कार्यक्रमसहित मनाउन आव्हान गर्ने निर्णय गरेको छ। यो निर्णयअनुसार राष्ट्रिय युवा परिषद कार्यालयबाट सबै स्थानीय तह र प्रदेश सरकारलाई सप्ताहव्यापी रूपमा यो दिजस मनाउन सार्वजनिक आवहान गरेको छ।









## ४. सप्ताहव्यापी मुख्य कार्यक्रम र पूर्व तयारी

| सिनं. | कार्यक्रम | मिति र समय | जिम्मेवारी |
|---|---|---|---|
| १ | अन्तर्राष्ट्रिय युवा दिवस मूल आयोजक समिति गठन र पहिलो बैठक | साउन ६ गते, २:०० बजे | राष्ट्रिय युवा परिषद |
| २ | संयुक्त राष्ट्र संघीय निकायहरू र विकास साझेदार संस्थासँग बैठक र परामर्श | साउन १२ गते, ११:०० बजे | राष्ट्रिय युवा परिषद |
| ३ | युवा केन्द्रित गैसस र युवा सञ्जाल बैठक | साउन १३ गते, ११:०० बजे | राष्ट्रिय युवा परिषद |
| ४ | सचिवालय बैठक | साउन १३ गते, २:०० बजे | राष्ट्रिय युवा परिषद |
| | सप्ताहव्यापी कार्यक्रम | | |
| ५ | प्रेस विज्ञप्ति | साउन २१ गते | राष्ट्रिय युवा परिषद |
| ६ | विभिन्न निकाय तथा संस्थाहरूबाट विविध कार्यक्रम आयोजना | साउन २२- २६ गतेसम्म अनुकुल समयमा | अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैसस, युवा सञ्जाल युवा अभियन्ताहरू |
| ७ | मैत्रीपूर्ण फुटसल प्रतियोगिता | साउन २३ गते विहान | राष्ट्रिय युवा परिषद |
| ८ | मूल समारोह<br>पहिलो चरण<br>क. प्रमुख आतिथि सम्माननीय राष्ट्रपतिज्यू<br>ख. राष्ट्रिय युवा गीत स्रस्टा सम्मान<br>ग. युवा परिषदबाट निर्मित भिडियो प्रदर्शन<br>घ. शुभकामना मन्तव्यसहित समापन<br>दोस्रो चरण<br>क. युवा नेतृत्व सम्मेलन लगायत | साउन २७ गते<br>१०:०-१२:३० बजे | राष्ट्रिय युवा परिषद, संयुक्त राष्ट्र संघीय निकायहरू, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैसस, युवा सञ्जाल तथा युवा अभियन्ताहरूसहित |
| ९ | सचिवालय बैठक र समीक्षा | साउन २९ गते २:०० बजे | राष्ट्रिय युवा परिषद |

## ५. अन्तर्राष्ट्रिय युवा दिवस मूल समारोह समिति, २०२५ को आब्हान

अन्तर्राष्ट्रिय युवा दिवस विश्वव्यापी साझा अभियान हो । नेपालको राष्ट्रिय सन्दर्भमा मुलुकको सामाजिक, आर्थिक, जनसङ्ख्यिक लगायत विविध क्षेत्रको विश्लेषण गरी नीति निर्माण योजना तर्जुमा र सचेतनासहित लगानी अभिवृद्धि र युवा तथा लक्षित वर्ग र समुदायको सार्थक सहभागिता अभिवृद्धि गर्दै युवामैत्री शासन कायम गर्न यसलाई अवसरकारमा लिन सक्नु पर्छ। यसका लागि संघ, प्रदेश र स्थानीय तहका सरकारी तथा गैर सरकारी संस्थाहरू वित्तीय तथा साझेदार र युवा सामाजिक अभियन्ताहरु हातेमालो गर्दै अघि बढ्ने अवसरका रूपमा लिनु पर्दछ। तसर्थ यस सन्दर्भमा रेडियो तथा टेलिभिजन मार्फत् छलफल तथा अन्तरसंवाद, साँस्कृतिक कार्यक्रम, वादविवाद, खेलकुद तथा मनोरञ्जनात्मक, युवाका विषयमा सूचानामूलक तथा अन्य मौलिक, प्रवर्तनात्मक, जागरणमूलक कार्यक्रमहरु गरी संसारभर मनाइँदैछ । नेपालले पनि विगत वर्षहरु देखि नै आफ्नो मौलिक नाराकासाथ अगष्ट १२ का दिन देशभर अन्तर्राष्ट्रिय युवा दिवश मनाउँदै आएको छ। यस वर्ष "दिगो विकासको सुनौलो भविश्यको सार स्थानीय युवाको सहभागिता समृद्धिको आधार' भन्ने नेपाली नाराका साथ सन् २०२५ अगष्ट १२ (तदनुसार वि.स. २०८२ श्रावण २७ गते। मंगलवारका दिनलाई मुख्य दिन मानी सप्ताहव्यापी रुपमा मुलुकभर भव्यतापूर्वक यो दिवश मनाइदै छ।

राष्ट्रिय युवा परिषदको आयोजना र युवासम्बद्ध विभिन्न सरकारी तथा संयुक्त राष्ट्रसंघीय निकायहरू एवम् गैरसरकारी संघसंस्थाहरु बीच ऐक्यवद्धताका साथ विविध कार्यक्रमहरू आयोजना हुँदैछन् । केन्द्रीय तहको मूल समारोह नेपाल प्रज्ञा प्रतिष्ठान कमलादीमा सम्माननीय राष्ट्रपतिज्यूको प्रमुख आतिथ्यता सम्पन्न हुनेछ। साथै श्रावण २७ गते विहान पद्मोदय मोडदेखि राष्ट्रिय सभागृहसम्म आयोजित बृहत युवा न्याली तथा प्रभातफेरी कार्यक्रम र मूल समारोहको कार्यक्रममा अन्तर्राष्ट्रिय युवा दिवसको नारा अङ्कित आ आफ्नो संस्थाको व्यानर र झाँकीसहित उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं।

**अन्तर्राष्ट्रिय युवा दिवस २०२५ लाई बिभिन्न रचनात्मक कार्यक्रमको आयोजना गरी युवाको व्यापक सहभागितामा युवामैत्री ढङ्गबाट देशभरी मनाउन हामी समस्त युवावर्ग, सबै सरकारी तथा संयुक्त राष्ट्र संघीय निकाय, विकास साझेदारहरू, सामाजिक संघ संस्थालगायत सम्पूर्ण सरोकारवालामा अन्तर्राष्ट्रिय युवा दिवस मूल समारोह समिति २०२५ हार्दिक अपील गर्दछ।**